# Appendix B

## Sample Input and Output for Experiment No. 1

**Input**

अपाङ्गहरु हाम्रै बन्धुबान्धव हुन् र यसै देशका नागरिकहरु हुन् । उनीहरुमा पनि अरुजस्तै इच्छा, आकान्क्षा, भावना वा चाहनाहरु हुन्छन् । हामीले उनीहरुलाई छि : छि : र दूरदूर गर्ने होइन सम्मानित र मर्यादित जीवन बाच्ने अवसर दिनुपर्छ । अपाङ्ग हुनेबित्तिकै उसका सोचाई, कल्पनाशीलता र कर्यक्षमता पनि अपाङ्ग हुन्छन् भन्ने सोच्नु मुर्खता बाहेक केही होइन । उपयुक्त अवसर प्राप्त भए उनीहरुले पनि उल्लेखनीय कार्य गर्न सक्दछन् । हेलेन केलेर, जोन मिल्टन जस्ता व्यक्तित्वहरु अपाङ्ग भए पनि आफ्ना बेजोड प्रतिवाले गर्दा संसारमै प्रसिद्द छन् । नेपालका इतिहास शिरोमणि बाबुराम आचार्यले आँखाको ज्योति गुमाएर पनि इतिहासको अध्ययन र लेखनकार्यमा आजीवन विश्राम लिएनन् । यसरी अपाङ्ग नागरिकले पनि प्रतिभा, ज्ञान र सीपका माध्ययमबाट महत्त्वपूर्ण योगदान पुरयाउन सक्दछन् ।

**Output**

अपाङ्ग हुनेबित्तिकै उसका सोचाई, कल्पनाशीलता र कर्यक्षमता पनि अपाङ्ग हुन्छन् भन्ने सोच्नु मुर्खता बाहेक केही होइन । हेलेन केलेर, जोन मिल्टन जस्ता व्यक्तित्वहरु अपाङ्ग भए पनि आफ्ना बेजोड प्रतिवाले गर्दा संसारमै प्रसिद्द छन् । नेपालका इतिहास शिरोमणि बाबुराम आचार्यले आँखाको ज्योति गुमाएर पनि इतिहासको अध्ययन र लेखनकार्यमा आजीवन विश्राम लिएनन् ।

## Sample Input and Output for Experiment No. 2

**Input**

काठमाडौ, कार्तिक २ -
निर्वाचनका क्रममा आर्थिक कारोबारलाई पारदर्शी बनाउने भनेर कांग्रेस र एमालेले बैंकिङ प्रणालीबाट चन्दा दिन गरेको आह्वान सकारात्मक थियो । अर्को ठूलो दल एमाओवादीले पनि यो पद्धतिलाई पछ्याउने जनाएको छ । तर, यसको कार्यान्वयनका क्रममा देखिएको परिणाम उत्साहजनक छैन । सम्बन्धित दलहरूका अनुसार, कांग्रेसको खातामा ३ करोड र एमालेको खातामा ५० लाख रुपैयाँ मात्र जम्मा भएको छ, जुन रकम देशव्यापी चुनावी अभियान सञ्चालन गर्नका निम्ति निकै कम हो । दलहरू र दाताहरू दुवैले पारदर्शी प्रक्रियाबाट चन्दा लिने/दिने नगरेका कारण यस्तो देखिएको हुन सक्छ । बैंकिङ प्रणालीबाट चन्दा संकलन गर्ने प्रयास आफैंमा असफल भएको होइन, दुवै पक्षले यसलाई प्राथमिकतामा नराखेकाले मात्र यस्तो हुन गएको हो । तसर्थ आगामी दिनमा यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने ढंगबाट सोच्न जरुरी छ ।

निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुसार प्रत्यक्षमा उठेका उम्मेदवारले १० लाख र समानुपातिकका एक उम्मेदवार बराबर १ लाख रुपैयाँ मात्र खर्च गर्न पाउँछन् । तर, वास्तविक खर्च तोकिएभन्दा धेरै बढी हुने गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको अध्ययनमा जुनसुकै क्षेत्रबाट चुनाव लड्दा पनि एउटा उम्मेदवारलाई कम्तीमा ५० लाख चाहिने अवस्था छ । अझ तराई, सहरी क्षेत्रलगायत अधिकांश ठाउँमा त खर्च १ करोड नाघ्ने देखिन्छ । हरेक प्रमुख दलका उम्मेदवारले गर्ने त्यस्तो करोडौं खर्चको स्रोत के हो ? त्यति धेरै रकम उनीहरूले कहाँबाट पाउँछन् ? यसमा पारदर्शिता नहुने गरेका कारण त्यो रकम प्रदान गर्नेबाट सम्बन्धित उम्मेदवार, पार्टी र तिनले चुनावपश्चात् लिने निर्णयसमेत प्रभावित हुने देखिन्छन् । मुख्य सवाल यस्तो अपारदर्शी व्यवस्थालाई कसरी रोक्ने भन्ने हो ।

दल र उम्मेदवारहरूले स्थानीय व्यापारिक/व्यावसायिक व्यक्तिहरूबाट मात्र होइन, विभिन्न स्वार्थ समूह र विदेशी स्रोतबाट समेत रकम लिने गरेका छन्, जसको विवरण आन्तरिक अभिलेखमा समेत फेला पर्दैन । अझ पार्टीलाई भन्दा सामर्थ्य र पहुँच हेरेर उम्मेदवारलाई सिधै सघाउने प्रचलन पनि बढेको छ । यो सबै कारणले दलहरूको चुनावी कारोबार झन्झन् अपारदर्शी बन्दै गएको छ । कानुनअनुसार आर्थिक वर्ष सकिएको छ महिनाभित्र दर्ता भएका दलहरूले आफ्नो वार्षिक आम्दानी र खर्चको विवरण निर्वाचन आयोगमा पेस गर्नुपर्छ । निर्वाचन परिणाम आएको ३५ दिनभित्रमा सम्बन्धित उम्मेदवारले निर्वाचन अभियानमा लागेको खर्चसम्बन्धी प्रतिवेदन बुझाउनुपर्ने प्रावधान पनि छ । तर, यसको पालना नगर्दा पनि दलहरूले ज्यादै कम सजाय -१ सय रुपैयाँ जरिवाना भोग्नुपर्ने भएकाले यो कानुन प्रभावकारी नबनेको स्पष्ट छ, न त निर्वाचन आयोगले यसका आधारमा कसैलाई सजाय तोकेको दृष्टान्त छ । त्यसैले सम्बन्धित कानुन अद्यावधिक गर्नुका साथै त्यसको कडाइका साथ कायार्न्वयन आजको प्रमुख आवश्यकता हो ।

हालको निर्वाचनका क्रममा पनि निर्वाचन आयोगले आफूले तोकेको आचारसंहिताको पालना भइरहेको छ कि छैन भन्नेबारे राम्रोसँग अनुगमन गर्न जरुरी छ । चुनाव खर्चसम्बन्धी लेखा परीक्षण गरिएको प्रतिवेदन नबुझाउने उम्मेदवारलाई जिते पनि शपथ लिन नपाउने व्यवस्था गर्नुपर्ने विज्ञहरूको सुझाव पनि मनन गर्नुपर्छ । कतिपय पश्चिमा मुलुकमा राज्यले पार्टी र उम्मेदवारलाई चुनावी खर्च दिने गरेको अभ्यास हामीकहाँ व्यावहारिक हुन सक्छ कि सक्दैन भन्नेतर्फ पनि छलफल चलाइनुपर्छ । सबभन्दा महत्त्वपूर्ण कुरा, निर्वाचन र लोकतन्त्रका मुख्य संवाहकका रूपमा रहेका राजनीतिक दलहरू आफैंले बढीभन्दा बढी मितव्ययी कसरी बन्न सकिन्छ भन्ने कुरालाई ध्यानमा राख्दै चन्दा संकलन कार्य पारदर्शी बनाउन प्रण गरे मात्र आर्थिक कारोबार स्वच्छ हुन सक्छ । तसर्थ यसको मुख्य जिम्मेवारी दलहरूकै काँधमा छ ।

प्रकाशित मिति: २०७० कार्तिक ३

**Output**

निर्वाचनका क्रममा आर्थिक कारोबारलाई पारदर्शी बनाउने भनेर कांग्रेस र एमालेले बैंकिङ प्रणालीबाट चन्दा दिन गरेको आह्वान सकारात्मक थियो । सम्बन्धित दलहरूका अनुसार, कांग्रेसको खातामा ३ करोड र एमालेको खातामा ५० लाख रुपैयाँ मात्र जम्मा भएको छ, जुन रकम देशव्यापी चुनावी अभियान सञ्चालन गर्नका निम्ति निकै कम हो । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुसार प्रत्यक्षमा उठेका उम्मेदवारले १० लाख र समानुपातिकका एक उम्मेदवार बराबर १ लाख रुपैयाँ मात्र खर्च गर्न पाउँछन् । यसमा पारदर्शिता नहुने गरेका कारण त्यो रकम प्रदान गर्नेबाट सम्बन्धित उम्मेदवार, पार्टी र तिनले चुनावपश्चात् लिने निर्णयसमेत

प्रभावित हुने देखिन्छन् । दल र उम्मेदवारहरूले स्थानीय व्यापारिक/व्यावसायिक व्यक्तिहरूबाट मात्र होइन, विभिन्न स्वार्थ समूह र विदेशी स्रोतबाट समेत रकम लिने गरेका छन्, जसको विवरण आन्तरिक अभिलेखमा समेत फेला पर्दैन । कानुनअनुसार आर्थिक वर्ष सकिएको छ महिनाभित्र दर्ता भएका दलहरूले आफ्नो वार्षिक आम्दानी र खर्चको विवरण निर्वाचन आयोगमा पेस गर्नुपर्छ । तर, यसको पालना नगर्दा पनि दलहरूले ज्यादै कम सजाय -१ सय रुपैयाँ जरिवाना भोग्नुपर्ने भएकाले यो कानुन प्रभावकारी नबनेको स्पष्ट छ, न त निर्वाचन आयोगले यसका आधारमा कसैलाई सजाय तोकेको दृष्टान्त छ । चुनाव खर्चसम्बन्धी लेखा परीक्षण गरिएको प्रतिवेदन नबुझाउने उम्मेदवारलाई जिते पनि शपथ लिन नपाउने व्यवस्था गर्नुपर्ने विज्ञहरूको सुझाव पनि मनन गर्नुपर्छ । कतिपय पश्चिमा मुलुकमा राज्यले पार्टी र उम्मेदवारलाई चुनावी खर्च दिने गरेको अभ्यास हामीकहाँ व्यावहारिक हुन सक्छ कि सक्दैन भन्नेतर्फ पनि छलफल चलाइनुपर्छ । सबभन्दा महत्त्वपूर्ण कुरा, निर्वाचन र लोकतन्त्रका मुख्य संवाहकका रूपमा रहेका राजनीतिक दलहरू आफैंले बढीभन्दा बढी मितव्ययी कसरी बन्न सकिन्छ भन्ने कुरालाई ध्यानमा राख्दै चन्दा संकलन कार्य पारदर्शी बनाउन प्रण गरे मात्र आर्थिक कारोबार स्वच्छ हुन सक्छ ।

## Sample Input and Output for Experiment No.3

**Input**

काठमाडौ, कार्तिक २ -

७ प्रदेश, १३ को विकल्पमा पनि खुला

केन्द्रीय राजस्व र अनुदान बाँडफाँड गर्न वित्तीय आयोग

नगर/गाउँपालिकाको संख्या एक हजार

परदेशभित्र कसैको पनि अग्राधिकार नहुने

परान्तहरू निर्माण गर्दा जिल्ला नटुक्र्याउने

कांग्रेसले आलंकारिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्रीको प्रावधान प्रस्ताव गर्दै घोषणापत्र तयार गरेको छ । उसले बहुपहिचानयुक्त ७ प्रदेशको संघीय मोडल र संसदीय प्रणालीको शासकीय स्वरूप चाहेको छ । १३ प्रदेशको विकल्प पनि छलफलमा खुला राखेको छ ।

उपसभापति रामचन्द्र पौडेलको संयोजकत्वमा रहेको घोषणापत्र तयारी समितिको शनिबारको बैठकले घोषणापत्रको अन्तिम टुंगो लगाएको हो । संघीयतामा कसरी जाने भन्नेमा पार्टीभित्रै अन्योल भएकाले घोषणापत्र निर्माणमा समेत  ढिलाइ हुन पुगेको हो ।

पार्टीभित्र ७ र १३ प्रदेशबाहेक अन्य विकल्पमा पनि सुझाव आएका थिए । केन्द्रीय पदाधिकारीसमेतको उपस्थितिमा बसेको घोषणापत्र तयारी समितिको बैठकले यसअघि महासमिति

बैठकमा प्रस्तुत भएको सुझावअनुसारै १३ प्रदेशको विकल्पलाई खुला राख्दै सात प्रदेशको मोडल अघि सारेको हो ।

पौडेलले घोषणापत्रलाई टुंग्याइएको जनाउँदै तीन/चार दिनभित्र सार्वजनिक गरिने बताए । 'घोषणापत्रमा आउने सबै मुद्दालाई टुंग्याएका छौं, जनताका माझ लैजाँदा संक्षिप्त र विस्तृत दुवै स्वरूपमा छाप्ने तयारी भएकाले अझै बाहिर आउन दुई/तीन दिन लाग्न सक्छ,' उनले भने ।

संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको संघीय संरचना कांग्रेसको घोषणापत्रमा उल्लेख छ । संघीयताबारे पार्टीको छुट्टै धारणा भए पनि सबै जातजाति र समुदायलाई मान्य हुने गरी जाने कांग्रेसको धारणा छ । 'पहिचान र सामथ्र्यलाई मूल आधार बनाउँदै मधेसी समुदाय, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मुस्लिम, थारू समुदायलगायत वर्ग र समुदाय सबैको भावनाको सम्मान गर्दै सबैलाई मान्य हुने गरी संघीयतालाई अन्तिम रूप दिन कांग्रेस तयार छ,' घोषणापत्रमा उल्लेख छ ।

कांग्रेसले प्रदेशको सीमांकन संविधानमै गर्ने तर नामांकन गर्ने अधिकार प्रादेशिक सरकारलाई दिने निर्णय लिएको छ । सीमांकन गर्दा जिल्ला टुक्र्याउन नहुने उसले प्रस्ताव ल्याएको छ । राज्य पुनर्संरचना क्रममा केही प्रदेशको मात्र नभएर स्थानीय इकाई, गाउँपालिका र नगरपालिकासम्मका सबै निकायको पुनः नामांकन हुने हुँदा नामांकनका क्रममा सबै पहिचानको प्रतिनिधित्व हुने उसले उल्लेख गरेको छ ।

'संघीय इकाईको नाम जे राखे पनि त्यो नाम कुनै भाषा, संस्कृति वा लिपिबाट नै आएको हुन्छ, विगतको अनुभवलाई नै हेर्ने हो भने पनि अहिले विद्यमान नामहरू कुनै न कुनै भाषा वा संस्कृतिबाट नै आएका हुन्,' कांग्रेसले भनेको छ, 'नामलाई सापेक्षतामा हेरिनुपर्छ । कुनै समुदायको नामांकन हुँदैमा त्यो समुदायले गर्व महसुस गर्छ र अन्य समुदायको अधिकारमा कुनै असर हुँदैन भने त्यसमा कसैको आपत्ति हुनु हुँदैन तर प्रत्येक प्रदेशको नामांकन गर्दा त्यो प्रदेशमा बसोबास गर्ने सबै नागरिकका लागि स्वीकार्य हुनुपर्छ ।'

जति प्रदेश बने पनि बहुपहिचानयुक्त हुनुपर्ने कांग्रेसको धारणा छ । 'नेपालका गाउँहरूको आधारभूत चरित्र नै बहुजातीय भएकाले दुईदेखि सय जतिसुकै प्रदेश बनाए पनि प्रदेशहरू स्पष्टतः बहुजातीय र बहुपहिचानयुक्त बन्नेछ,' कांग्रेसले भनेको छ, 'नेपालमा संघीयता विविधतायुक्त समाजलाई व्यवस्थापन गर्न र मजबुत बनाउनका लागि हुनुपर्छ । पहिचान र सामथ्र्यका आधारमा बनेका यस्ता प्रदेशहरूमा मुख्य जातिको पहिचान मुखर भए पनि प्रत्येक प्रदेश बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक नै हुनेछन् ।'

उसले प्रदेशभित्र विशेष क्षेत्रहरू गठन गर्न सकिने तर प्रदेशभित्र कसैको पनि राजनीतिक अग्राधिकार नरहने प्रस्ट पारेको छ ।

तीन तहको संघीय मोडलमा कांग्रेसले केन्द्रलाई संघीय तह उल्लेख गरेको छ । केन्द्रीय तहमा संघीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकालगायत संघीय संवैधानिक आयोगहरू रहनेछन् । संघीय तहभन्दा तलको प्रादेशिक तहमा प्रदेशको शासन सञ्चालन र प्रादेशिक क्षेत्रको अधिकार प्रयोग गर्ने प्रादेशिक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहनेछन् । स्थानीय तहमा गाउँपालिका, नगरपालिका रहनेछन् । स्थानीय तह सञ्चालनका लागि निर्वाचित परिषद् रहने र त्यसले स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयमा विधायिकी कार्यकारिणी र न्यायिक अधिकार प्रयोग गर्ने प्रावधान रहने कांग्रेसको घोषणापत्रमा उल्लेख छ ।

आवश्यक ठाउँमा जातीय, भाषिक, समुदायगत सघन उपस्थितिको क्षेत्र वा विशेष प्रकृतिको भौगोलिक क्षेत्रलाई बहुल वा एकल सांस्कृतिक विशेषतासहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र या विशेष क्षेत्र निर्माण गर्न सकिने निर्णय कांग्रेसको छ । कांग्रेसले बलियो स्थानीय सरकार बन्नुपर्ने धारणा राख्दै देशभरमा नगर/गाउँपालिकाको संख्या हजार हुने प्रस्ताव गरेको छ ।

कांग्रेसले संघीय संरचनाअन्तर्गत प्रदेश निर्माण गर्दा विविधतापूर्ण नेपाली समाजको जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचान प्रकट गर्ने गराउने आधारसँगै प्रदेशको समृद्धि र स्वायत्त शासनका लागि आवश्यक आर्थिक, भौ तिक, प्रशासनिक सामथ्र्यसमेतलाई आधार बनाएको छ । उसले पहिचान र सामथ्र्यताका पाँच आधारसमेत प्रस्तुत गरेको छ । पहिचानका पाँच आधारमा जातीय/समुदायगत र सामथ्र्य, भाषिक अवस्था र सम्भावना, सांस्कृतिक, स्रो तका उपलब्धता, भौगोलिक/क्षेत्रगत र ऐतिहासिक निरन्तरता छ । त्यस्तै सामथ्र्यमा आर्थिक अन्तरसम्बन्ध, विकासको पूर्वाधार, प्राकृतिक साधन र प्रशासनिक सुगमता छन् ।

कांग्रेसले प्रदेशको कार्यक्षेत्र विभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुख्य नीति, राष्ट्रिय सुरक्षालगायत प्रदेशबीच समन्वय गर्नुपर्ने विषयहरू हवाई यातायात, राजमार्ग, ठूला जलविद्युत् आयोजना, राष्ट्रिय महत्त्वका अन्य आयोजना, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भाािषक अधिकारका विषयहरू केन्द्रीय तहमा रहने उल्लेख गरेको छ । तीमध्ये कतिपय प्रादेशिक तहमा पनि राख्न सकिने कांग्रेसको धारणा छ । केन्द्रीय राजस्व र अनुदानको बाँडफाँडका लागि वित्तीय आयोग गठन गर्ने प्रस्ताव छ । यसलाई पूर्वाधार निर्माण प्रयोजनका लागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकारसमेत रहने धारणा कांग्रेसले ल्याएको छ ।

कांग्रेसले राष्ट्रप्रमुखका रूपमा राष्ट्रपति र कार्यकारी अधिकारसम्पन्न प्रधानमन्त्री भएको संसदीय शासन प्रणाली अवलम्बन गर्ने निर्णय लिएको छ, जसमा राष्ट्रपति आलंकारिक हुनेछन् । राष्ट्रपतिको चयन केन्द्रमा रहने दुई सदन र प्रादेशिक सदनको संयुक्त सभाबाट हुने उल्लेख छ । प्रधानमन्त्री भने केन्द्रको तल्लो सदनबाट निर्वाचित हुने प्रस्ताव छ । प्रदेशमा एक सदन मात्रै रहने र त्यसबाट बहुमत प्राप्त व्यक्तिलाई प्रदेशको मुख्यमन्त्री बनाउने प्रस्ताव छ । विविधताको सम्मान र बढीभन्दा बढी जनताको प्रत्यक्ष संलग्नता, सबै जाति, वर्ग, लिंग र क्षेत्रको व्यक्तिलाई राष्ट्रप्रमुख जस्तो राज्यको उच्च ओहदामा पुऱ्याउन सक्ने अवस्था खडा गर्न पनि

संसदीय पद्धति मात्रै सम्भव हुने उनको निचोड छ । यसअघि मिश्रति शासन प्रणालीमा कांग्रेसले सहमति जनाएको थियो ।

त्यस्तै कांग्रेसले मिश्रति निर्वाचन प्रणालीमा अडिग रहने धारणा ल्याएको छ । कांग्रेसले अन्य प्रतिस्पर्धी दलहरूलाई हेर्ने दृष्टिकोण भने घोषणापत्रमा राखेको छैन । कांग्रेस राजनीतिक प्रस्तावमा एमालेप्रति आक्रामक भए पनि घो षणापत्रमा त्यस्तो उल्लेख छैन । तर, माओवादीको निषेधको राजनीति र बदनियत, एमालेको ढुलमुले चरित्र र मधेस केन्द्रित दलहरूको सत्तास्वार्थका कारण संविधानसभाबाट लोकतान्त्रिक संविधान आउन नसकेको निष्कर्ष भने निकालेको छ ।

उसले विघटित संविधानसभाबाट संविधान आउन नसक्नुमा लामो व्याख्या गरेको छ । माओवादी ठूलो शक्तिका रूपमा उदय हुनु र कांग्रेसलाई दोस्रो स्थानमा पुऱ्याउनु संविधान आउन नसक्नुको कारण मानिएको छ । संविधानसभामा कस्तो संविधान बनाउने भन्ने विषयमा कांग्रेस र तत्कालीन नेकपा माओवादीबीचको आधारभूत सैद्धान्तिक मतभेद भएकै कारण संविधान आउन नसकेको कांग्रेसले उल्लेख गरेको छ ।

'माओवादीले अघिल्लो पटक आफ्नो घोषणापत्रमार्फत मत माग्दा लोकतान्त्रिक संविधान बनाउँछौं भनेर आएको थियो । तर, संविधानसभामा आइपुग्दा लेखिएभन्दा विपरीत गयो,' घोषणापत्र निर्माण समितिका सदस्य एवं कांग्रेस नेता गगन थापाले भने, 'अहिले हामीले घोषणापत्र बनाउँदा माओवादी त्यही भनेर आउन सक्छ । एकपटक विगतलाई हेरांै भन्नेमा जोड दिएका छौं ।'

कांग्रेसले अबको संविधानसभाले एक वर्षभित्र नयाँ संविधान जारी गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । त्यसको आधार विगतमा भएका सहमतिलाई लिइएको छ । सहमति नभएका विषयलाई मात्रै अबको संविधानसभाले काम गर्ने र एक वर्षभित्र संविधान जारी गरी आर्थिक विकासमा लाग्ने कांग्रेसको जोड छ । अब सहमति हुन नसकेका विषयलाई संविधानसभामा मतदान गर्ने र मतदान गर्दा पनि नटुंगिएमा जनमत संग्रहमा जाने प्रस्ताव कांग्रेसले ल्याएको छ ।

दोस्रो संविधानसभाले पनि संविधान जारी गर्न नसके फेरि संविधानसभा निर्वाचन नहुने र मुलुक अँध्यारो सुरुङतर्फ प्रवेश गर्ने आकलन गरेको छ । संख्यात्मक रूपमा कमजोर भएका कारण कांग्रेसले विगतको संविधानसभामा समन्वयकारी भूमिका निर्वाह नगर्न नसकेकाले यसपालि ठूलो शक्ति बनाउन उसले जनतासँग अपिल गरेको छ । माओवादीको निषेधको राजनीति र एमालेको ढुलमुले चरित्रले संविधान आउन नसकेको उल्लेख गरेको छ । उसले ' शान्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान, संविधानसभाका लागि नेपाली कांग्रेसलाई मतदान' भन्ने मूल नारा ल्याएको छ । त्यस्तै घोषणापत्रमा उसले अन्य नाराहरू पनि उल्लेख गरेको छ ।

प्रकाशित मिति: २०७० कार्तिक ३

**Output**

केन्द्रीय पदाधिकारीसमेतको उपस्थितिमा बसेको घोषणापत्र तयारी समितिको बैठकले यसअघि महासमिति बैठकमा प्रस्तुत भएको सुझाव अनुसारै १३ प्रदेशको विकल्पलाई खुला राख्दै सात प्रदेशको मोडल अघि सारेको हो । 'घोषणापत्रमा आउने सबै मुद्दालाई टुंग्याएका छौं, जनताका माझ लैजाँदा संक्षिप्त र विस्तृत दुवै स्वरूपमा छाप्ने तयारी भएकाले अझै बाहिर आउन दुई/तीन दिन लाग्न सक्छ,' उनले भने । संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको संघीय संरचना कांग्रेसको घोषणापत्रमा उल्लेख छ । 'पहिचान र सामर्थ्यलाई मूल आधार बनाउँदै मधेसी समुदाय, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मुस्लिम, थारू समुदायलगायत वर्ग र समुदाय सबैको भावनाको सम्मान गर्दै सबैलाई मान्य हुने गरी संघीयतालाई अन्तिम रूप दिन कांग्रेस तयार छ,' घोषणापत्रमा उल्लेख छ ।
राज्य पुनर्संरचना क्रममा केही प्रदेशको मात्र नभएर स्थानीय इकाई, गाउँपालिका र नगरपालिकासम्मका सबै निकायको पुनः नामांकन हुने हुँदा नामांकनका क्रममा सबै पहिचानको प्रतिनिधित्व हुने उसले उल्लेख गरेको छ । 'संघीय इकाईको नाम जे राखे पनि त्यो नाम कुनै भाषा, संस्कृति वा लिपिबाट नै आएको हुन्छ, विगतको अनुभवलाई नै हेर्ने हो भने पनि अहिले विद्यमान नामहरू कुनै न कुनै भाषा वा संस्कृतिबाट नै आएका हुन्,' कांग्रेसले भनेको छ, 'नामलाई सापेक्षतामा हेरिनुपर्छ । कुनै समुदायको नामांकन हुँदैमा त्यो समुदायले गर्व महसुस गर्छ र अन्य समुदायको अधिकारमा कुनै असर हुँदैन भने त्यसमा कसैको आपत्ति हुनु हुँदैन तर प्रत्येक प्रदेशको नामांकन गर्दा त्यो प्रदेशमा बसोबास गर्ने सबै नागरिकका लागि स्वीकार्य हुनुपर्छ । 'नेपालका गाउँहरूको आधारभूत चरित्र नै बहुजातीय भएकाले दुईदेखि सय जतिसुकै प्रदेश बनाए पनि प्रदेशहरू स्पष्टतः बहुजातीय र बहुपहिचानयुक्त बन्नेछ,' कांग्रेसले भनेको छ, 'नेपालमा संघीयता विविधतायुक्त समाजलाई व्यवस्थापन गर्न र मजबुत बनाउनका लागि हुनुपर्छ । तीन तहको संघीय मोडलमा कांग्रेसले केन्द्रलाई संघीय तह उल्लेख गरेको छ । संघीय तहभन्दा तलको प्रादेशिक तहमा प्रदेशको शासन सञ्चालन र प्रादेशिक क्षेत्रको अधिकार प्रयोग गर्ने प्रादेशिक कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहनेछन् । स्थानीय तह सञ्चालनका लागि निर्वाचित परिषद् रहने र त्यसले स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयमा विधायिकी कार्यकारिणी र न्यायिक अधिकार प्रयोग गर्ने प्रावधान रहने कांग्रेसको घोषणापत्रमा उल्लेख छ । आवश्यक ठाउँमा जातीय, भाषिक, समुदायगत सघन उपस्थितिको क्षेत्र वा विशेष प्रकृतिको भौगोलिक क्षेत्रलाई बहुल वा एकल सांस्कृतिक विशेषतासहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र या विशेष क्षेत्र निर्माण गर्न सकिने निर्णय कांग्रेसको छ । कांग्रेसले बलियो स्थानीय सरकार बन्नुपर्ने धारणा राख्दै देशभरमा नगर/गाउँपालिकाको संख्या हजार हुने प्रस्ताव गरेको छ । कांग्रेसले संघीय संरचनाअन्तर्गत प्रदेश निर्माण गर्दा विविधतापूर्ण नेपाली समाजको जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक पहिचान प्रकट गर्ने गराउने आधारसँगै
प्रदेशको समृद्धि र स्वायत्त शासनका लागि आवश्यक आर्थिक, भौ तिक, प्रशासनिक सामर्थ्यसमेतलाई आधार बनाएको छ । कांग्रेसले प्रदेशको कार्यक्षेत्र विभाजन गर्दा परराष्ट्र सम्बन्ध, मुख्य नीति, राष्ट्रिय सुरक्षालगायत प्रदेशबीच समन्वय गर्नुपर्ने विषयहरू हवाई यातायात, राजमार्ग, ठूला जलविद्युत् आयोजना, राष्ट्रिय महत्त्वका अन्य आयोजना, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा भाािषक अधिकारका विषयहरू केन्द्रीय तहमा रहने उल्लेख गरेको छ । यसलाई पूर्वाधार निर्माण प्रयोजनका लागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकारसमेत रहने धारणा कांग्रेसले ल्याएको छ । कांग्रेसले राष्ट्रप्रमुखका रूपमा राष्ट्रपति र

कार्यकारी अधिकारसम्पन्न प्रधानमन्त्री भएको संसदीय शासन प्रणाली अवलम्बन गर्ने निर्णय लिएको छ, जसमा राष्ट्रपति आलंकारिक हुनेछन् । विविधताको सम्मान र बढीभन्दा बढी जनताको प्रत्यक्ष संलग्नता, सबै जाति, वर्ग, लिंग र क्षेत्रको व्यक्तिलाई राष्ट्रप्रमुख जस्तो राज्यको उच्च ओहदामा पुर्‍याउन सक्ने अवस्था खडा गर्न पनि संसदीय पद्धति मात्रै सम्भव हुने उनको निचोड छ । तर, माओवादीको निषेधको राजनीति र बदनियत, एमालेको ढुलमुले चरित्र र मधेस केन्द्रित दलहरूको सत्तास्वार्थका कारण संविधानसभाबाट लोकतान्त्रिक संविधान आउन नसकेको निष्कर्ष भने निकालेको छ । संविधानसभामा कस्तो संविधान बनाउने भन्ने विषयमा कांग्रेस र तत्कालीन नेकपा माओवादीबीचको आधारभूत सैद्धान्तिक मतभेद भएकै कारण संविधान आउन नसकेको कांग्रेसले उल्लेख गरेको छ । तर, संविधानसभामा आइपुग्दा लेखिएभन्दा विपरीत गयो,' घोषणापत्र निर्माण समितिका सदस्य एवं कांग्रेस नेता गगन थापाले भने, 'अहिले हामीले घोषणापत्र बनाउँदा माओवादी त्यही भनेर आउन सक्छ । सहमति नभएका विषयलाई मात्रै अबको संविधानसभाले काम गर्ने र एक वर्षभित्र संविधान जारी गरी आर्थिक विकासमा लाग्ने कांग्रेसको जोड छ । संख्यात्मक रूपमा कमजोर भएका कारण कांग्रेसले विगतको संविधानसभामा समन्वयकारी भूमिका निर्वाह नगर्न नसकेकाले यसपालि ठूलो शक्ति बनाउन उसले जनतासँग अपिल गरेको छ ।